# कर्णाली प्रदेश स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (P-WASH-CC) गठन

कर्णाली प्रदेशमा क्रियाशील खानेपानी , सरसफाइ तथा स्वच्छता सम्बन्धी मुख्य सरोकारवालाहरुको मिति २०७७ साल बैशाख २२ गते बसेको बैठकले कर्णाली प्रदेश स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (P-WASH-CC) गठन गर्ने लगायतका निर्णयहरु गरेको छ ।

**१. प्रदेश मुख्य सचिवज्यूको अध्यक्षतामा निम्नानुसारको १० सदस्यीय प्रदेश स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गरियो ।**

श्री टेकनारायण पाण्डेय प्रमुख सचिव कर्णाली प्रदेश- अध्यक्ष

श्री सचिव सामाजिक विकास मन्त्रालय - सदस्य

श्री प्रमुख संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना सुर्खेत-सदस्य .

श्री अध्यक्ष, प्रदेश अवस्थित नगरपालिका महासंघ -सदस्य

श्री अध्यक्ष, प्रदेश अवस्थित गाऊँपालिका महासंघ-सदस्य

श्री अध्यक्ष, प्रदेश स्तरीय पत्रकार महासंघ- सदस्य

श्री निर्देशक पूर्वाधार विकास निर्देशनालय- सदस्य

श्री प्रतिनिधि युनिसेफ (विकास साझेदारको तर्फबाट)-सदस्य

श्री धर्मेन्द्रकुमार झा का.मु.सचिव भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य सचिव

२. खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी विपद्को पूर्व तयारी र प्रतिकार्यको लागि उल्लिखित पी.वास.सी.सी. अन्तर्गत रहने गरी प्रभावकारी कार्यान्वयनको निम्ति भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिवको संयोजकत्वमा अन्य सरोकारवालाहरु र वाशक्लस्टरका संघसंस्था सम्मिलित एक उपसमिति गठन गर्ने निर्णय गरियो ।

३.राष्ट्रिय स्तरमा तयार गरिएका विपद् प्रतिकार्यका योजनाहरु प्रदेश स्तरमा समेत जानकारी दिनका लागि वाश फोकल पर्सन तोक्ने सम्बन्धमा भौतिक पूर्वाधार मन्त्रालयका खानेपानी तथा सरसफाइ हेर्ने सि.डि.ई लाई तोक्ने निर्णय गरियो ।

४.प्रदेश स्तरमा काम गरिरहेका वाशसँग सम्बन्धित विकास साझेदार एवम् गैरसरकारी संघसंस्थाहरु मध्येबाट सूचना व्यवस्थापनको लागि कर्णाली एकीकृत विकास तथा अनुसन्धान केन्द्र (KIRDAC) ईच्छुक भएकोले निजलाई उक्त कार्यको सहजिकरणको लागि जिम्मा दिने निर्णय गरियो ।